# स्थानीय तहसंगको साझेदारीमा सहरी वन विकास कार्यक्रम संचालन कार्यविधि
# २०७७

<u>प्रस्तावना</u>

सहरी बसोवास क्षेत्रमा हरियाली न्यून र जनसंख्या बृद्धि दर उच्च भएका स्थानीय तहमा वन र वातावरण संरक्षणमा सहयोग पुऱ्याउने गरी सहरी क्षेत्रमा हरियाली प्रवर्द्धन तथा रमणीय वातावरण विकास गर्नका लागि स्थानीय तहसंगको साझेदारीमा संचालन गरिने सहरी वन विकास कार्यक्रमलाई प्रभावकारी, परिणाममुखी बनाउन तथा कार्यान्वयनमा एकरुपता ल्याउनको लागि यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"स्थानीय तहसंगको साझेदारीमा सहरी वन विकास कार्यक्रम संचालन कार्यविधि-२०७७"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

(ख) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको वन तथा भू-संरक्षण विभाग सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनुपर्छ र सो शब्दले महानगरपालिका र उप-महानगरपालिकालाई समेत जनाउँछ ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका सम्झनुपर्छ । यस कार्यविधि बमोजिमको साझेदारी कार्यक्रम संचालन प्रयोजनका लागि सहरी बसोवास क्षेत्रमा हरियाली न्यून र जनसंख्या बृद्धि दर उच्च भएका नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई मात्र समावेश गरिनेछ ।

(ङ) "सहरी वन" भन्नाले सहरी क्षेत्रमा राष्ट्रिय वन क्षेत्र बाहेकका सार्वजनिक स्थानहरुमा रोपिएका वा हुर्काइएका रुख विरुवाहरु भएको क्षेत्रलाई जनाउँदछ र सो शब्दले सहरी क्षेत्रमा स्थापना गरिने सार्वजनिक उद्यानलाई समेत जनाउँछ ।

(च) "सहरी वन विकास कार्यक्रम" भन्नाले स्थानीय तहले सहरी वन विकासका लागि सार्वजनिक खाली जग्गा, सडक/खोला नदी किनारा, मन्दिर, गुम्बा, मस्जिद, चर्च, विद्यालय, क्याम्पस परिसर, पोखरी तालको किनारा आदिमा गरिने बृक्षारोपण कार्य साथै सार्वजनिक उद्यान निर्माण, विकास एवं व्यवस्थापन कार्यलाई समेत जनाउँदछ ।

परिच्छेद -२

## प्रस्ताव आव्हान, प्राथमिकीकरण र छनौट विधि

३. साझेदारी कार्यक्रमको प्रस्ताव आव्हानः

(१) नेपाल सरकारले स्वीकृत गरेको सालवसाली वार्षिक कार्यक्रम लक्ष्य अनुसार स्थानीय तहसंग साझेदारीमा सहरी वन विकास कार्यक्रम संचालनार्थ विभागले यसै कार्यविधि बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ । यस्तो प्रस्ताव पेश गर्नका लागि सहरी बसोवास क्षेत्रमा हरियाली न्यून रहेका र जनसंख्या बृद्धि दर उच्च भएका नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई आव्हान गरिनेछ ।

(२) स्थानीय तहले विभागसंगको साझेदारीमा सञ्चालन गर्ने सहरी वन विकास कार्यक्रमका लागि यस कार्यविधिको दफा ९ बमोजिमका प्रमाणित कागजात सहित अनुसूची-१ बमोजिमको प्रस्ताव तयार गरी सूचनाको अवधि भित्रमा विभागमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम साझेदारी कार्यक्रमको प्रस्ताव पठाउँदा सम्बन्धित स्थानीय तहले दफा ७ को उपदफा (१) बमोजिमको लागत सहभागिताको प्रतिवद्धता समेत पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम साझेदारी कार्यक्रमको प्रस्ताव पठाउँदा विभागले उपलब्ध गराउने बजेट बाहेक निर्माणको चरणमा कुनै कारणले प्रस्ताव गरिएको आयोजनाको लागत बढन जाने भएमा त्यसरी बढन जाने रकम सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्ने प्रतिवद्धता समेत पेश गर्नु पर्नेछ ।

(५) विभागले उपदफा (१) बमोजिम प्राप्त भएको प्रस्तावहरुलाई मूल्यांकन तथा सहजिकरण समितिले दफा ५ बमोजिम प्राथमिकीकरण गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष शिफारिस गर्नुपर्नेछ ।

(६) मूल्यांकन तथा सहजिकरण समितिले शिफारिस सहित पेश गरेका साझेदारी प्रस्तावहरु थप छलफल गरी निर्देशक समितिले प्रस्ताव स्वीकृत गर्नेछ र सो आधारमा विभागले कार्यक्रम कार्यान्वयनको समझदारी गर्नेछ ।

४. साझेदारी कार्यक्रमको प्रस्तावका क्षेत्रः

(१) स्थानीय तहले देहायका क्षेत्रमध्ये स्थानीय आवश्यकताका आधारमा कुनै उपयुक्त एक वा एक भन्दा बढी क्षेत्रका लागि साझेदारी कार्यक्रम प्रस्ताव गर्न सक्नेछनः

(क) सार्वजनिक खालीजग्गामा बृक्षारोपण सहित सहरी वनको स्थापना,

(ख) सडक, खोला नदी किनारामा बृक्षारोपण गरी हरियाली बढाउने कार्य,

(ग) पोखरी तालको किनारामा बृक्षारोपण गरी हरियाली बढाउने कार्य

(घ) धार्मिक, सांस्कृतिक एवं अन्य सार्वजनिक संघसंस्थाहरुको परिसरमा बृक्षारोपण,

(ङ) सार्वजनिक उद्यान निर्माण,

(च) मौजूदा सार्वजनिक उद्यानको स्तारोन्नती, सौन्दर्यिकरण गर्ने कार्य,

(२) उपदफा (१) बमोजिमका कार्यक्रम प्रस्ताव गर्दा संघीय वा प्रदेश सरकारका अन्य कार्यक्रमसंग दोहोरोपन नपर्ने गरी प्रस्ताव गर्नुपर्नेछ ।

**५. साझेदारी कार्यक्रम प्रस्तावको प्राथमिकीकरण र छनौटः**

(१) कार्यक्रम प्रस्तावहरुको प्राथमिकिकरण गर्दा देहाय बमोजिमका आधारमा प्राथमिकीकरण गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ ।

(क) प्रस्तावित कार्यक्रमले सहरी क्षेत्रमा हरियाली वढाउन पुर्याउने योगदान,

(ख) प्रस्तावित कार्यक्रम क्षेत्रको जग्गाको अवस्थिति र स्वामित्वको अवस्था,

(ग) प्रस्तावित कार्यक्रमले स्थानीय रोजगारी सृजनामा पुर्याउने योगदान (निर्माणको चरण र संचालन व्यवस्थापनको चरणमा),

(घ) कार्यक्रमको गुरुयोजना र विस्तृत डिजाइन सहितको कार्ययोजना र कार्यान्वयन कार्य तालिका,

(ङ) कार्यक्रमको लागि स्थानीय तहले व्यहोर्ने अंशको बजेट व्यवस्था,

(च) कार्यक्रम प्रस्ताव गर्ने स्थानीय तहमा रहेको प्राकृतिक वन क्षेत्रको प्रतिशत,

(२) उपदफा (१) बमोजिम कार्यक्रम प्रस्तावको प्राथमिकिकरण गर्दा प्रादेशिक सन्तुलन समेत कायम गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्तावलाई देहाय बमोजिम अंकभार दिइ मूल्यांकन गर्नुपर्नेछ ।

| | |
|---|---|
| (क) प्रस्तावित कार्यक्रमले सहरी क्षेत्रमा हरियाली वृद्धिमा पुर्याउन सक्ने योगदान | २५ |
| (ख) कार्यक्रमको अवधारणा, गुरुयोजना र डिजाइन | २५ |
| (ग) कार्यक्रमले सृजना गर्ने स्थानीय रोजगारी | १५ |
| (घ) कार्यक्रमको दीगोपना (संचालन, मर्मत संभार र व्यवस्थापन) का लागि गरिने व्यवस्था | १५ |
| (ङ) समयमै कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता र कार्यतालिका | १० |
| (च) नवप्रवर्तनमूलक सोच/अवधारणा | १० |
| | १०० |

(४) उपदफा (३) बमोजिमको मुख्य आधारहरुलाई मूल्यांकन तथा सहजिकरण समितिले विस्तृत अंकभार कायम गरी मूल्यांकन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको मूल्यांकन गर्दा बढी अंक प्राप्त गर्ने प्रस्तावलाई अंकभारको आधारमा सूची तयार गरी मूल्यांकन तथा सहजिकरण समितिले सिफारिश गर्नेछ ।

(६) पेश भएका प्रस्तावहरुको मूल्यांकन गर्न कुनै सूचना वा कागजात नपुग भएमा मूल्यांकन समितिले त्यस्तो सूचना वा कागजात प्रस्तावकसंग माग गर्न सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको शिफारिस र उपलब्ध बजेटको आधारमा निर्देशक समितिले साझेदारी कार्यक्रम प्रस्तावहरुको अन्तिम छनौट गर्नेछ । छनौट भएका प्रस्ताव सम्बन्धमा विभागबाट पत्राचार गरी सम्बन्धित स्थानीय तहलाई सम्झौताका लागि जानकारी गराइनेछ ।

(८) विभाग र स्थानीय तह बीच सम्झौता पत्रमा हस्ताक्षर भए पछि स्वीकृत प्रस्ताव अनुसारको सहरी वन विकास कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु स्थानीय तहले प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

(९) कार्यक्रम संचालनका क्रममा आवश्यकता बमोजिम प्रदेश सरकारसंग र मातहतका सम्बन्धित डिभिजन वन कार्यालयहरुसंग समेत समन्वय गर्न सकिनेछ ।

परिच्छेद -३

## सहरी वन विकासको लागि स्थान छनौट

६. शहरी वन विकास कार्यक्रमका लागि स्थान छनौटः

स्थानीय तहले बृक्षारोपण गर्ने क्षेत्र र सार्वजनिक उद्यान निर्माणस्थल छनौट गर्दा देहाय बमोजिम हुने गरी छनौट गर्नुपर्नेछ ।

(१) बृक्षारोपण गर्ने स्थान र सार्वजनिक उद्यान निर्माणका लागि प्रस्तावित स्थान पर्यावरणीय स्वच्छता र सौन्दर्य अभिबृद्धि गर्ने र स्थानीय समुदायलाई पायक पर्ने स्थानमा हुनुपर्नेछ ।

(२) सार्वजनिक उद्यान बनाउन र बृक्षारोपण गर्न प्रस्तावित स्थान खोलाले कटान नगर्ने र बाढी पहिरो वा अन्य सम्भावित प्राकृतिक जोखिम न्युन रहेको क्षेत्र हुनुपर्नेछ ।

(३) बृक्षारोपण गरिने र सार्वजनिक उद्यान बनाउने जग्गाको स्वामित्वको प्रकार सरकारी, सार्वजनिक वा सम्बन्धित स्थानीय तहको स्वामित्वमा भएको हुनुपर्नेछ ।

(४) प्रस्तावित स्थानमा बृक्षारोपण वा सार्वजनिक उद्यान निर्माण गर्ने भनि सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट निर्णय भएको हुनुपर्नेछ ।

(५) सार्वजनिक उद्यान निर्माण गर्न प्रस्ताव गरिएको जग्गाको क्षेत्रफल एकै चक्ला भित्र रहेको हुनुपर्नेछ ।

परिच्छेद -४

## स्थानीय तहमा सहरी वन विकासको लागि बजेट व्यवस्था

७. बृक्षारोपण एवं सार्वजनिक उद्यान निर्माणको बजेट व्यवस्थाः

(१) प्रस्तावित आयोजनाको कूल लागत अनुमानको ७० प्रतिशत विभागबाट र कम्तिमा ३० प्रतिशत सम्बन्धित स्थानीय तहबाट व्यहोर्ने गरी साझेदारीमा सहरी वन विकास कार्यक्रम अन्तर्गतका बृक्षारोपण, सार्वजनिक उद्यान निर्माण कार्यको लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ ।

(२) विभागबाट छनौट भइ सम्झौता भएका स्थानीय तहलाई स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सम्झौतामा उल्लेख भएको बजेटको सिमा भित्र रही कार्यक्रमको उद्देश्य अनुरुप रकम उपलब्ध गराइनेछ।

(३) कूल लागत अनुमानको ७० प्रतिशतले हुन आउने रकम विभागबाट विनियोजित बजेट सीमा भन्दा घटी हुने भएमा सोही अनुसार घटी रकम नै विभागले व्यहोर्नेछ ।

(४) स्थानीय तहले आफ्नै पहलमा थप स्रोतसाधन परिचालन मार्फत दोहोरो खर्च नहुने गरी तोकिएको भन्दा बढी कार्य गरी कार्यक्रम विस्तार तथा विकास गर्न बाधा पुग्नेछैन ।

## परिच्छेद -५

## सहरी वन विकास कार्यक्रममा लगाइने बिरुवाको प्रजाति

८. सडक किनारा तथा सार्वजनिक उद्यान क्षेत्रमा लगाइने बिरुवा प्रजातिको छनौटः

यस कार्यक्रम अन्तर्गत लगाइने विरुवाहरु देहाय बमोजिम हुनुपर्नेछ:

(१) बहुउपयोगी तथा स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने प्रजातिलाई प्राथमिकता दिनुपर्नेछ । प्रजाति छनौट गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसंग समन्वय गरी प्राविधिक सुझाव लिइ प्रजाति छनौट र बृक्षारोपणको उद्देश्य प्रस्तावमा खुलाउनु पर्नेछ ।

(२) उपलब्ध भएसम्म छिटो हुर्कने, सदावहार, उचाइ कम हुने, उपयुक्त छत्र (क्राउन) हुने प्रजातिहरु हुनुपर्नेछ ।

(३) सार्वजनिक उद्यानमा रोपण गरिने कूल विरुवाको सख्या मध्ये कम्तिमा ४० प्रतिशत रुख प्रजाति र बढीमा ६० प्रतिशत बहुउपयोगी शोभनीय प्रजातिका बहुबर्षे बिरुवाहरु रोपिनु पर्नेछ ।

(४) सार्वजनिक उद्यानमा दुवो (स्थानीय वा आयातित) वा अन्य घाँस के प्रयोग गरिने हो लगायत यसै दफाको (१) देखि (३) सम्मको व्यहोरा स्वीकृत ड्रइङ डिजाइन र लागत अनुमानमा स्पष्ट खुलाउनु पर्नेछ ।

## परिच्छेद -६

## प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु

९. स्थानीय तहले प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः

स्थानीय तहले विभाग समक्ष पेश गर्ने प्रस्तावका साथ देहाय अनुसारका कागजातहरु सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित हुनुपर्नेछ ।

(१) प्रस्तावित स्थानको स्वामित्व खुल्ने कागजात (जग्गा धनी दर्ता श्रेस्ता/प्रमाणपूर्जा, नापीनक्सा आदि) र विभिन्न कोणवाट लिएको प्रस्तावित स्थान सहित वरिपरिको वस्तुस्थिति झल्कने रंगिन तस्विरहरु ।

(२) सडक किनारा, खोला नदीको किनारा र सार्वजनिक खाली जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने प्रस्तावको हकमा बृक्षारोपण गरिने क्षेत्रको लम्बाई, चौडाइ, क्षेत्रफलको विवरण सहित रोपण गरिने बिरुवाको संरक्षण र रेखदेखको योजना र प्रतिवद्धता समेत ।

(३) प्रस्तावित सार्वजनिक उद्यान क्षेत्रको Engineering Drawing, Design, Site plan गर्दा उद्यान भित्रका सबै आवश्यकता अनुसारका विषयबस्तुहरु (हरियाली क्षेत्र, पर्खाल, बाटो, शौचालय, खानेपानी, फोहोर व्यवस्थापन, बालवालिकाका लागि खेल्ने क्षेत्र आदि) स्पष्ट खुलेको विवरण । साथै उक्त उद्यानको संचालन, संरक्षण र व्यवस्थापन योजना समेत ।

(४) उद्यान भित्र अन्य कुनै प्रकारको भौतिक संरचना निर्माण गर्ने भए सो समेत स्पष्ट खुलाउनु पर्नेछ।

(५) प्रस्तावित योजना र Drawing, Design अनुसार कार्य सम्पन्न गर्न चालु आर्थिक वर्षमा विनियोजित वजेट भन्दा धेरै बजेट लाग्ने बहुवर्षिय योजना भए विनियोजित बजेटबाट चालु आर्थिक वर्षमा निर्माण गर्न लागिएको खण्ड स्पष्ट भएको हुनुपर्नेछ ।

(६) प्रस्तावित बृक्षारोपण र सार्वजनिक उद्यान निर्माणको लागि लाग्ने विभिन्न खर्च शिर्षक अनुसारको कार्य परिमाण र एकाई दर खुल्ने विस्तृत लागत अनुमान, डिजाइन, ड्रइङ्ग समेत ।

(७) प्रस्तावित स्थानमा बृक्षारोपण, सार्वजनिक उद्यान निर्माण गर्ने भनि सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट भएको निर्णयको प्रतिलिपी ।

(८) स्थानीय तहबाट कम्तिमा ३०% लागत साझेदारी गर्ने सम्बन्धी तथा सम्पन्न गरिएका बृक्षारोपण एवं निर्माण गरिएका उद्यानको दिगो संरक्षण र व्यवस्थापन सम्बन्धी योजना सहितको प्रतिबद्धता पत्र ।

(९) प्रस्तावित कार्यक्रमबाट प्राप्त हुने रोजगारी बृद्धि, आर्थिक प्रतिफल सहितको परियोजना प्रस्ताव ।

## परिच्छेद -७

## कार्यक्रम कार्यान्वयन र भूक्तानी प्रकृया

१०. कार्यान्वयन विधिः

(१) सम्झौता अनुसारको कार्यक्रम कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ । कार्यक्रमसंग सम्बन्धित लागत अनुमान स्वीकृति, वस्तु तथा सेवा खरिद, निर्माण, अनुगमन, सुपरीवेक्षण, गुणस्तर नियन्त्रण लगायतको कार्य सम्बन्धित स्थानीय तहले प्रचलित नेपाल कानून अनुसार गर्नुपर्नेछ ।

(२) कार्यक्रमसंग सम्बन्धित निर्माण कार्यको नियमित सुपरीवेक्षणका लागि सम्बन्धित स्थानीय तहले कम्तीमा एकजना इन्जिनियर सहितको विषयगत प्राविधिक टोलीको व्यवस्था गर्नुपर्नेछ ।

(३) कुनै पनि सार्वजनिक निर्माण कार्यको भेरिएशन गर्नुपरेमा सो कारणबाट हुने लागत बृद्धि सम्बन्धित स्थानीय तह स्वयंले व्यहोर्नुपर्नेछ ।

(४) सम्बन्धित स्थानीय तहले कार्यक्रम कार्यान्वयनको भौतिक र वित्तिय प्रगति प्रतिवेदन मासिक र चौमासिक रुपमा विभागमा पठाउनु पर्नेछ ।

११. भुक्तानी प्रकृयाः

(१) सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात स्थानीय तहले भूक्तानीको लागि देहायका कागजातहरु पेश गर्नुपर्नेछ।

(क) उपभोक्ता समिति/निर्माण व्यावसायी र सम्बन्धित स्थानीय तहबीच निर्माण सम्बन्धी कामका लागि भएको सम्झौता पत्र र कार्यादेशको प्रमाणीत प्रतिलिपी ।

(ख) सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि सम्बन्धित स्थानीय तहको प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, ठेक्का विलको प्रमाणित प्रति ।

(ग) सम्बन्धित स्थानीय तहको योजना अनुगमन तथा मूल्यांकन समितिको अनुगमन प्रतिवेदन ।

(घ) लागत अनुमान अनुसार विभिन्न शिर्षकमा खर्च भएको रकमको नियमानुसारको सक्कल बिल भर्पाईहरु ।

(ङ) प्रस्तावित Drawing, Design मा सार्वजनिक उद्यान निर्माण गर्ने क्रममा विभागको पूर्व सहमतिमा कुनै प्रकारको फेरबदल भएको रहेछ भने संशोधित प्रमाणित Drawing Design हरु।

(च) सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चातको योजना सम्पन्न भएको सबै स्थानहरु देखिने रंगिन तस्वीरहरु पर्याप्त संख्यामा ।

(छ) उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गरिएको हो भने डोर हाजिरी लगायत समितिका निर्णय कागजातहरु प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित हुनुपर्नेछ ।

(ज) भुक्तानी (रकम समेत खुलेको) माग गरी लेखिएको पत्रसाथ पेश हुने सम्पूर्ण कागजातहरु सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित हुनुपर्नेछ ।

(२) विभाग र सम्बन्धित स्थानीय तह बीच सम्झौता भएको रकम बढीमा ३ किस्तामा भुक्तानी हुनेछ ।

(क) माथि उपदफा १ (क) बमोजिमको कागजात पेश भए पछि प्रथम किस्ता वापत सम्झौताको आधारमा विभागले व्यहोर्ने रकमको बीस प्रतिशत,

(ख) दोस्रो किस्ता वापत कार्य प्रगति, रनिङ विल र प्रमाणित कागजातहरुको आधारमा सम्झौता बमोजिम विभागले व्यहोर्ने रकमको चालीस प्रतिशत,

(ग) सम्झौता बमोजिमको सम्पूर्ण कार्य सम्पन्न भइ विल र कागजातहरु प्राप्त भए पछी जाँचबुझ गरी अन्तिम किस्ता वापत विभागले व्यहोर्ने रकमको बाँकी चालीस प्रतिशत,

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्झौता बमोजिमको सम्पूर्ण कार्य सम्पन्न पश्चात एकमुष्ट भुक्तानी दिन वा तोकिएको समय अगावै कार्य सम्पन्न गर्ने स्थानीय तहलाई कामको यथार्थ मूल्यांकन अनुसारको रकम भुक्तानी दिन बाधा पर्ने छैन ।

(४) सम्झौता बमोजिमको सम्पूर्ण कार्य सम्पन्न हुन नसकी कार्य सम्पन्न प्रतिवेदन र अन्तिम भुक्तानी बिल कम लागतको तयार हुन गएको अवस्थामा सम्झौता अनुसारको लागत साझेदारी प्रतिशत कै आधारमा विभागबाट हुने योगदानमा रकम कट्टा गरी भुक्तानी गरिनेछ ।

१२. खर्चको लेखा र लेखापरीक्षण:

(१) यस कार्यविधि बमोजिम हुने खर्चको लेखा नेपाल सरकारले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहले राख्नुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम हुने खर्चको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ र सो को लेखापरीक्षण गराउने तथा बेरुजु फरफारक गर्ने दायित्व खर्च गर्ने सम्बन्धित स्थानीय तहको हुनेछ ।

(३) यस कार्यविधि बमोजिम लागत साझेदारी अनुरुप विभागबाट प्रदान गरिएको रकम आर्थिक वर्षको अन्त्य सम्ममा खर्च हुन नसकी बचत भएमा संघीय संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

## परिच्छेद -८

## अनुगमन सम्बन्धी व्यवस्था

१३. सहरी वन विकास कार्यक्रमको अनुगमनः

(१) कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धित स्थानीय तहले कार्यक्रम कार्यान्वयनमा गुणस्तर कायम गरी छिटो छरितो रुपमा सम्पन्न गर्न नियमितरुपमा सुपरीवेक्षण गर्नेछ ।

(२) स्थानीय तहसंग सम्झौता सम्पन्न भइ कार्य प्रारम्भ भएपछि विभागले आवश्यकतानुसार अनुगमन निरीक्षण गरी आवश्यक सुझावहरु दिन सक्नेछ । विभागले दिएको सुझावहरुको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

(३) भौतिक संरचनाहरु निर्माणको क्रममा सम्बन्धित स्थानीय तहको प्राविधिक कर्मचारी (इन्जिनियर/सव-इन्जिनियर) बाट आवश्यक अनुगमन निरीक्षण गर्नुपर्नेछ ।

(४) सम्बन्धित स्थानीय तहको योजना अनुगमन तथा मूल्यांकन समितिबाट सम्झौता बमोजिमका निर्माण कार्यको समेत अनुगमन गरी सम्बन्धित पालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ । यसरी पेश भएको अनुगमन प्रतिवेदको एक प्रति विभागमा समेत पठाउनु पर्नेछ ।

(५) कार्य प्रारम्भ भएपछी सम्बन्धित स्थानीय तह र विभाग बीच भएको सम्झौता बमोजिमको कार्यक्रम र लागत विवरण सहितको सूचना पाटी निर्माणस्थलमा राख्नुपर्नेछ ।

## परिच्छेद -९

## संस्थागत व्यवस्था

१४. निर्देशक समिति सम्बन्धि व्यवस्थाः

(१) यो कार्यविधि अनुसार साझेदारी कार्यक्रम प्रस्तावको छनौट, स्वीकृति, अनुगमन, समन्वय र नीतिगत मार्गदर्शनको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| महानिर्देशक, वन तथा भू-संरक्षण विभाग | संयोजक |
| उप-महानिर्देशक (योजना अनुगमन), वन तथा भू-संरक्षण विभाग | सहसंयोजक |
| प्रमुख, वन व्यवस्थापन महाशाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| अधिकृत प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| अधिकृत प्रतिनिधि, वातावरण विभाग | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| संयोजकले तोकेको उपसचिव (प्रा.), वन तथा भू-संरक्षण विभाग | सदस्य-सचिव |

(२) निर्देशक समितिको सचिवालय वन तथा भू-संरक्षण विभागमा रहनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछन् ।

(४) समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) बैठक सम्वन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. मूल्यांकन तथा सहजीकरण समितिः

(१) साझेदारी कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहलाई आवश्यक सहयोग तथा समन्वय गर्न एवं प्राप्त कार्यक्रम प्रस्तावको मूल्यांकन गर्न देहाय बमोजिमको एक मूल्यांकन तथा सहजीकरण समिति रहनेछः

संयोजकः वन तथा भू-संरक्षण विभागले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीका प्राविधिक कर्मचारी

सदस्यः लेखा अधिकृत, वन तथा भू-संरक्षण विभाग

सदस्यः अधिकृत प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय

सदस्यः विभागले तोकेको इन्जिनियर (रा.प.तृ.प्रा.), वन तथा भू-संरक्षण विभाग

सदस्य सचिवः विभागले तोकेको सम्बन्धित शाखाका राजपत्राङ्कित तृतीय श्रेणीका प्राविधिक कर्मचारी

(२) मूल्यांकन तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) साझेदारी कार्यक्रमको प्रस्ताव संकलन र प्राथमिकीकरण गर्ने,

(ख) प्रस्तावहरुको मूल्यांकन गरी छनौटको लागि निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ग) साझेदारी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) संचालित कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयको चरणमा भए गरेका प्रगति प्रतिवेदन नियमित प्राप्त गरी निर्देशक समिति समक्ष पेश गर्ने,

(च) निर्देशक समितिले तोके बमोजिमको अन्य कार्य गर्ने ।

## परिच्छेद -१०

## विविध

१६. निर्माण पछिको संचालन र संरक्षणः

(१) यस कार्यक्रम अन्तर्गत रोपण गरिएका बोटविरुवाहरु र निर्माण गरिएका सार्वजनिक उद्यानको नियमित सुरक्षा, संरक्षण, गोडमेल, सिंचाई र रेखदेखको लागि आवश्यक व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउनु पर्नेछ ।

(२) उद्यान क्षेत्रको फोहोरहरुको उचित व्यवस्थापन (कुहिने/नकुहिने फोहोर अलग अलग जम्मा गर्ने व्यवस्था) भएको हुनुपर्नेछ।

(३) सार्वजनिक उद्यानमा महिला/पुरुष छुट्टाछुट्टै शौचालयको व्यवस्था हुनुपर्नेछ ।

(४) फोहोरलाई कम्पोष्टिङ गर्ने व्यवस्था हुनुपर्नेछ ।

(५) सार्वजनिक उद्यान भित्र खुलारुपमा फोहोर जलाउने कार्य गर्न रोक लगाउनुपर्नेछ ।

(६) उद्यान भित्र प्लाष्टिकको झोला प्रयोगमा पुर्णरुपमा रोक लगाउनुपर्नेछ ।

(७) सम्भव भएसम्म उद्यान सुरक्षा र संरक्षणका लागि जैविक वार (Bio Fencing) को प्रयोग गर्नुपर्नेछ ।

१७. <u>अनुदान रकम कट्टा वा रोक्का राख्न सकिने:</u> साझेदारी अन्तर्गत सञ्चालित कार्यक्रम उद्देश्य मुताविक प्रभावकारी रुपमा तोकिएको अवधिभित्र सम्पन्न हुने गरी सञ्चालन हुन नसकेमा वा कार्यक्रम अनुगमन गरी विभागले दिएको सुझाव परामर्श पालना नगरेमा अनुदान रकम कट्टा वा रोक्का राख्न सकिनेछ । तर विभागले रोक्का राखेको विषयमा उल्लेखनीय प्रगती भएको वा गर्ने प्रत्याभूतिका आधार पेश गरेमा रोक्का राखेको रकम फुकुवा गर्न सक्नेछ ।

१८. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u> यस कार्यविधिमा व्यवस्था भए बमोजिम बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय मन्त्रालयले गर्नेछ ।

१९. <u>कार्यविधिको संशोधनः</u> यस कार्यविधिको संशोधन आवश्यकतानुसार वन तथा भू-संरक्षण विभागको शिफारिसमा मन्त्रालयले गर्नेछ ।

अनुसूची-१

(स्थानीय तहले पेश गर्ने प्रस्तावको ढाँचा)

विषयः सहरी वन विकास कार्यक्रमको साझेदारी प्रस्ताव पेश गरेको सम्बन्धमा।

श्री वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं ।

प्रस्तुत विषयमा चालु आ.व. ................ मा यस ................ महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका क्षेत्र भित्र सहरी वन विकास कार्यक्रम अन्तर्गत बृक्षारोपण र सार्वजनिक उद्यान निर्माण कार्यको लागि बजेट विनियोजन भए बमोजिम तहाँ विभागको को सूचना नं. .......... मिति ..................... को आव्हानबाट माग भए बमोजिम "स्थानीय तहसंगको साझेदारीमा सहरी वन विकास कार्यक्रम संचालन कार्यविधि-२०७७" को अधीनमा रही कार्यक्रम संचालन गर्न मन्जुर रहेकोले आवश्यक कागजात सहित यो प्रस्ताव पेश गरिएको छ ।

१. सहरी वन विकास कार्यक्रम (बृक्षारोपण, उद्यान/पार्क निर्माणस्थल) संचालन गर्ने स्थान

जिल्लाः नगरपालिकाः

वडा नं. स्थानीय प्रचलित नामः

२. प्रस्तावित उद्यान निर्माण गरिने जग्गाको

(क) क्षेत्रफलः (ख) स्वामित्वको प्रकारः

३. प्रस्तावित सहरी वन विकास कार्यक्रम अन्तर्गत हुने मुख्य-मुख्य भौतिक निर्माणका कृयाकलापहरु

-
-
-

४. प्रस्तावित आयोजनाको लागत अनुमान रकम रु.

५. साझेदारी कार्यक्रमको कूल लागतको कम्तिमा ३०% रकम स्थानीय तहले व्यहोर्ने निर्णय मितिः

प्रमुख प्रशासकीय अधिकृतको नामः पालिका प्रमुखको नामः

हस्ताक्षरः हस्ताक्षरः

मितिः मितिः

(यस प्रस्ताव साथ कार्यविधिको दफा नं. ९ बमोजिमका सबै कागजातहरु संलग्न हुनुपर्ने)